नेपाल सरकारको वार्षिक ऋण योजना

(Annual Borrowing Plan)

(आन्तरिक ऋण निष्कासन तथा बोलकबोल तालिका)

आर्थिक वर्ष – २०८३/८४

नेपाल सरकार
अर्थ मन्त्रालय
सार्वजनिक ऋण व्यवस्थापन कार्यालय
त्रिपुरेश्वर, काठमाडौं

विषय सूची

खण्ड-१, सार्वजनिक ऋणको नीतिगत तथा कानूनी व्यवस्था र मौजुदा अवस्था......१

१.१ पृष्ठभूमि......१

१.२ वार्षिक ऋण योजना (Annual Borrowing Plan)......२

१.३ मध्यमकालीन ऋण रणनीतिको उद्देश्य तथा लक्ष्यहरू......३

१.४ वार्षिक ऋण योजनाको सीमाहरू......४

१.५ सार्वजनिक ऋण दायित्वको समग्र अवस्था (Overall Status of Public Debt Liability)......५

१.६ सार्वजनिक ऋण दायित्वको वार्षिक प्रवृत्ति......६

खण्ड- २, सार्वजनिक वित्त तथा आर्थिक परिसूचकका लक्ष्य तथा अनुमान......७

२.१ सार्वजनिक वित्त प्रक्षेपण......७

२.२ सार्वजनिक ऋण आवश्यकताको प्रक्षेपण......८

२.३ ऋण सेवा खर्च (Debt Servicing)......९

२.४ ऋणको साँवा फिर्ता तालिका......९

२.५ अनुमानित मासिक बजेट घाटा......११

खण्ड-३, वार्षिक ऋण योजना लक्ष्य तथा निष्कासन तालिका......१२

३.१ वार्षिक ऋण परिचालन तर्जुमाको आधार......१२

३.२ वार्षिक ऋण स्रोतगत परिचालन......१३

३.३ ऋणको उपकरणगत विभाजन......१३

३.४ ऋणको उपकरणगत त्रैमासिक परिचालन लक्ष्य......१५

३.५ आन्तरिक ऋण परिचालनको योजना......१६

३.६ सार्वजनिक ऋण दायित्वको प्रक्षेपण......१७

३.७ आन्तरिक ऋणको प्रक्षेपित ऋण दायित्व तालिका......१९

३.८ वार्षिक ऋण निष्कासन तालिका......२०

तालिका सूची

तालिका १- सार्वजनिक ऋण दायित्वको समग्र अवस्था ५
तालिका २- ऋण दायित्वको वार्षिक प्रवृति ६
तालिका ३- समिष्टीगत सार्वजनिक वित्त प्रक्षेपण ७
तालिका ४- नेपाल सरकारको कुल ऋण आवश्यकताको प्रक्षेपण ८
तालिका ५- सार्वजनिक ऋण सेवा खर्च ९
तालिका ६- ऋणको दायित्वको भुक्तानी तालिका १०
तालिका ७- मासिक बजेट घाटाको अनुमानित विवरण ११
तालिका ८- वार्षिक ऋण स्रोतगत परिचालन १३
तालिका ९- ऋणको उपकरणगत परिचालन १४
तालिका १०- वैदेशिक ऋणको त्रैमासिक परिचालन १५
तालिका ११- आन्तरिक ऋणको त्रैमासिक परिचालन १५
तालिका १२- नगद प्रवाहको अवस्था १६
तालिका १३- सार्वजनिक ऋण दायित्वको प्रक्षेपण १७
तालिका १४- अनुमानित ऋण दायित्वको भुक्तानी तालिका १९
तालिका १५-ऋण निश्काशन तालिका २०

चार्ट सूची

चार्ट १ सार्वजनिक ऋणको संरचना ५
चार्ट २ आन्तरिक ऋण भुक्तानी तालिका ११
चार्ट ३ कुल ऋणमा उपकरणगत प्रतिशत १७
चार्ट ४ कुल गार्हस्थ्य उत्पादनको आधारमा ऋण अनुपात १८

खण्ड-१, सार्वजनिक ऋणको नीतिगत तथा कानूनी व्यवस्था र मौजुदा अवस्था

१.१ पृष्ठभूमि

आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व ऐन २०७६, को दफा १५ ले राजस्व र व्ययको अनुमान आवश्यकता अनुसार घाटा बजेटको रूपमा पेस गर्न सकिने र त्यस्तो घाटा बजेट प्रस्तुत गर्दा स्रोत परिचालनको स्पष्ट आधार खुलाउनु पर्ने व्यवस्था गरेको छ[1]।

सरकारले वार्षिक रूपमा बजेट मार्फत गर्ने खर्च अनुमानको स्रोत व्यवस्थापन राजस्व तथा अनुदान बाट हुने गर्दछ। यो स्रोतबाट न्यून हुने बजेट सार्वजनिक ऋण परिचालन मार्फत पूर्ति गरिन्छ। सरकारले घाटा बजेट प्रस्तुत गर्न सक्ने कानूनी व्यवस्था अनुसार न्यून वित्त पूर्ति गर्न सार्वजनिक ऋण परिचालन गर्ने सीमा कानूनमा नै तोकिएको छ। सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ को दफा (५) को उपदफा (२) ले नेपाल सरकारले लिने वैदेशिक ऋणको जम्मा कुल अङ्क अघिल्लो आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनको प्रचलित मूल्यमा कायम गर्दा हुने रकमको एक तिहाइमा नबढ्ने गरी त्यतिसम्म अङ्कको प्रचलित विनिमयदरले हुने विदेशी मुद्रा एकै पटक वा पटक पटक गरी लिन सक्ने व्यवस्था गरेको छ। आन्तरिक ऋणको सम्बन्धमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा सीमा निर्धारण हुने व्यवस्था रहेको छ। प्राकृतिक स्रोत तथा वित्त आयोगले आगामी आर्थिक वर्षको लागि आन्तरिक ऋणको सीमा कूल गार्हस्थ्य उत्पादनको प्रचलित मूल्यको पाँच दशमलव पाँच प्रतिशत सिफारिस गरेको छ।

वि.सं. २००८ साल पछि सुरूका दशकमा घाटा बजेट पूर्ति गर्ने प्रमुख स्रोत वैदेशिक अनुदान भए तापनि पछिल्ला दशकहरुमा अनुदानको अंश क्रमश: घट्न गई वैदेशिक तथा आन्तरिक ऋणको अंश क्रमशः बढ्दै गएको देखिन्छ। यसै गरी सोही अवधिमा वैदेशिक ऋणको तुलनामा आन्तरिक ऋणको हिस्सा समेत बढ्दै गएको छ। सरकारले सार्वजनिक ऋण परिचालनलाई प्रभावकारी व्यवस्थापन गर्न विभिन्न रणनीति तर्जुमा गरी कार्यान्वयन गर्ने गरेको छ। मध्यमकालीन ऋण व्यवस्थापन रणनीति २०८२/८३-२०८४/८५ ले ऋणको लागत तथा जोखिमस्तर न्यून हुने गरी विभिन्न ऋण उपकरणको विवेकसम्मत छनौट गर्न जोड दिएको छ। उक्त रणनीतिले ऋणको स्रोतगत, उपकरणगत एवम् मुद्रागत बनावट, ऋण परिपक्व हुने अवधि र जोखिम पक्षको विश्लेषण गरेको छ। नेपाल सरकारको आर्थिक वर्ष २०८३/८४ को वार्षिक बजेट, मध्यमकालीन खर्च संरचनाको आधारमा तयार भएको मध्यमकालीन ऋण व्यवस्थापन रणनीति, ऋणपत्र निष्कासन तथा सञ्चालन समितिको बैठकले गरेको मार्गनिर्देशन तथा

[1] आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व ऐन २०७६ को दफा १५

नेपाल राष्ट्र बैंकबाट प्राप्त सुझाव समेतको आधारमा विभिन्न पक्षहरूको विश्लेषण गरी आर्थिक वर्ष २०८३/०८४ को आन्तरिक ऋण परिचालनको लागि वार्षिक ऋण योजना तयार गरिएको छ। आर्थिक वर्ष २०८२/८३ को अन्त्यसम्ममा आन्तरिक ऋण रू १३ खर्व ७५ अर्व र वैदेशिक ऋण रू १५ खर्व ९९ अर्व गरी जम्मा रू २९ खर्व ७४ अर्व सार्वजनिक ऋण कायम भएको छ। यसरी बढ्दै गएको सार्वजनिक ऋणले सरकारको वार्षिक ऋण सेवा खर्च समेत बढाएको छ। सार्वजनिक ऋण सरकारको बजेट घाटा पूर्ति गर्ने प्रमुख स्रोत भए तापनि आन्तरिक तथा बाह्य ऋणलाई राष्ट्रिय प्राथमिकताको उत्पादनमूलक परियोजनामा परिचालन गर्ने र सार्वजनिक ऋणको दिगोपन विश्लेषण गरी सम्भावित जोखिमको न्यूनीकरण गरेर मात्र परिचालन गर्न चुनौतीपूर्ण देखिएको छ।

१.२ वार्षिक ऋण योजना (Annual Borrowing Plan)

वार्षिक ऋण योजना सरकारले एक आर्थिक वर्ष भित्र आन्तरिक तथा वैदेशिक ऋण परिचालन गर्नसक्ने अधिकतम रकमको व्यवस्थित खाका हो। सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ को दफा ४ को खण्ड (ज) बमोजिम नेपाल राष्ट्र बैङ्कसँगको समन्वयमा आन्तरिक ऋण निष्कासन तथा बोलकबोल तालिका मन्त्रालयबाट स्वीकृत गराई कार्यान्वयन गर्ने उल्लेख छ। नेपाल सरकारको वार्षिक आय-व्यय अनुमान र वार्षिक रूपमा पारित हुने राष्ट्र ऋण उठाउने ऐनको परिधि भित्र रही यो वार्षिक ऋण योजना तर्जुमा गरिएको छ।

सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ र सार्वजनिक ऋण व्यवस्थापन नियमावली, २०८० कार्यान्वयनमा आएसँगै नेपाल राष्ट्र बैंकबाट हुँदै आएको आन्तरिक ऋणको सञ्चालन र व्यवस्थापन सम्बन्धी कार्य २०८० चैत्र १ गतेबाट पूर्णरूपमा सार्वजनिक ऋण व्यवस्थापन कार्यालयमा हस्तान्तरण भई कार्यन्वयन हुँदै आएको छ। सार्वजनिक ऋण अन्तर्गतको वैदेशिक ऋणको सम्झौता सम्मका अग्र अफिस (Front Office) कार्य अर्थ मन्त्रालयको अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाबाट हुने गर्दछ भने वैदेशिक ऋण उपकरणहरुको जोखिम र लागतको विश्लेषणात्मक कार्य जस्ता मध्य अफिस (Middle Office) कार्य र ऋणको अभिलेख राख्ने तथा साँवा व्याज भुक्तानी दिने जस्ता पृष्ठ अफिस (Back Office) कार्य यस कार्यालयबाट सम्पादन हुँदै आएको छ। आन्तरिक ऋणको हकमा अग्र, मध्य र पृष्ठ अफिस कार्य यस कार्यालयको जिम्मेवारी रहेको छ। सार्वजनिक ऋणको नीति तथा रणनीति तयार गर्ने, सार्वजनिक ऋणको वार्षिक निष्कासन कार्यतालिका तयार गर्ने र स्वीकृत भएका नीति, रणनीति र कार्यतालिका कार्यान्वयन गर्ने जिम्मेवारी सार्वजनिक ऋण व्यवस्थापन ऐन र नियमावलीले यस कार्यालयलाई तोकेको छ।

नेपाल सरकारको आर्थिक वर्ष २०८३/८४ को वार्षिक बजेट तथा राष्ट्र ऋण उठाउने ऐनले आन्तरिक ऋण रू. ४ खर्व १० अर्वमा नबढ्ने गरी र वैदेशिक ऋण रू. २ खर्व ४७ अर्व समेत करिब रू. ६ खर्व ५७ अर्व ऋण परिचालन गर्ने लक्ष्य लिएको छ। वार्षिक बजेटले लिएको उक्त ऋणको सीमा भित्र रही यो वार्षिक ऋण योजना तर्जुमा गरिएको छ। वैदेशिक ऋण परिचालन विभिन्न आयोजनामा गरिएको खर्चको आधारमा सम्बन्धित दातृ निकायबाट शोधभर्ना तथा बजेटरी सहायता अन्तर्गत वित्तीय सम्झौतामा भएको शर्त अनुसार प्राप्त हुने भएकोले यस योजनामा मुख्य गरी आन्तरिक ऋण प्राप्तिको योजनालाई प्राथमिकता दिइएको छ। यो योजना तर्जुमा गर्दा मासिक रूपमा राजस्व प्राप्ति तथा बजेट खर्चको अनुमान गरी हुन सक्ने सम्भावित मासिक बजेट घाटाको रकमलाई समेत मध्यनजर गरिएको छ। त्यस्तै सरकारले भुक्तानी गर्नुपर्ने दायित्व श्रृजना भैसकेको ऋणको साँवा व्याज फिर्ता गर्नुपर्ने तालिकाको विश्लेक्षण गरी वार्षिक रूपमा सन्तुलन कायम गर्ने प्रयास गरिएको छ। मध्यमकालीन ऋण व्यवस्थापन रणनीतिले लिएको रणनीति अनुरूप नै यस ऋण योजनामार्फत विगतको तुलनामा आन्तरिक ऋणमा ट्रेजरी बिलको अंशलाई क्रमश: कम गर्दै लगिने र मध्यमकालीन तथा दीर्घकालीन विकास ऋणपत्रहरूको अंशलाई बढाउने गरी उपकरण छनौट गरिएको छ। नेपाल राष्ट्र बैंकसँग समेत राय सुझाव लिई यो योजना तर्जुमा गरिएकोले वित्तीय नीति र मौद्रिक नीतिबीच सामाञ्जस्यता कायम हुने तथा समग्र वित्त नीतिले परिलक्षित गरेका उद्देश्यहरू प्राप्त हुने अपेक्षा गरिएको छ। लागत प्रभावकारिता प्रयोजनको लागि बजारको तरलता अवस्था र प्रचलित व्याजदरको आँकलनको आधारमा ऋण उपकरण छनौट गरिएको छ।

यस योजनाको कार्यान्वयनबाट आ.व. २०८३/०८४ को बजेटले लक्षित गरेका उद्देश्यहरू प्राप्त गर्न न्यून वित्त परिचालनमा महत्वपूर्ण योगदान पुग्ने तथा ऋणको लागत र जोखिमको तह वाञ्छित सीमाभित्र रहने अपेक्षा गरिएको छ। योजनाको कार्यान्वयनबाट आर्थिक वर्ष २०८३/८४ को अन्तिममा ट्रेजरी बिल, विकास ऋणपत्र, नागरिक बचतपत्र, वैदेशिक रोजगार बचतपत्र र आइ.एम.एफ बण्डको मौज्दात कुल ऋणको क्रमश ९.७८ प्रतिशत, ३५.४ प्रतिशत, ०.४२ प्रतिशत, ०.०४ प्रतिशत र ०.१३ प्रतिशत कायम रहने अनुमान रहेको छ।

१.३ मध्यमकालीन ऋण रणनीतिको उद्देश्य तथा लक्ष्यहरू

नेपाल सरकारले ऋण प्राप्त गर्ने कार्यलाई पारदर्शी एवं अनुमानयोग्य बनाउन मध्यमकालीन ऋण रणनीति, २०८२/८३-२०८४/८५ स्वीकृत गरेको छ। न्यूनतम लागत र विवेकसम्मत जोखिम वहन एवम् समष्टिगत वित्त संरचनाको अनुकूल हुने गरी ऋण भुक्तानीको दायित्व निर्वाह गर्दै नेपाल सरकारको वित्तीय स्रोतको आवश्यकता परिपूर्ति गर्नु नै सार्वजनिक ऋण व्यवस्थापन रणनीतिको प्रमुख उद्देश्य रहेको छ। यस रणनीतिले सहुलियतपूर्ण वित्तीय स्रोतको परिचालनलाई प्राथमिकता दिएको छ। यस्तो सहुलियतपूर्ण वित्तीय स्रोतको परिचालनबाट नपुग भएको न्यून वित्तलाई आन्तरिक ऋणबाट परिपूर्ति

गर्ने लक्ष्य लिएको छ। जसमा प्रायः ट्रेजरी बिल एवम् मध्यमकालीन देखि दीर्घकालीन अवधिमा परिपक्व हुने ऋणपत्र समावेश भएका छन्।

ऋण व्यवस्थापन रणनीतिको दीर्घकालीन लक्ष्य र उद्देश्य

दीर्घकालीन लक्ष्य

समष्टिगत आर्थिक स्थायित्व कायम गर्दै राष्ट्रिय पूर्वाधार विकास र उत्पादनशील क्षेत्रमा लगानी गर्न आवश्यक सार्वजनिक ऋण परिचालन गर्नु सार्वजनिक ऋण व्यवस्थापन रणनीतिको दीर्घकालीन लक्ष्य रहेको छ।

प्रमुख उद्देश्य

न्यून लागत र विवेकसम्मत जोखिम बहन गर्दै निरन्तर तथा दिगो समष्टिगत वित्तीय संरचना अनुकूल हुने गरी ऋण भुक्तानी दायित्व निर्वाह गर्दै नेपाल सरकारको वित्तीय स्रोतको आवश्यकता परिपूर्ति गर्नु सार्वजनिक ऋण व्यवस्थापन रणनीतिको प्रमुख उद्देश्य रहेको छ।

मध्यमकालीन ऋण व्यवस्थापन रणनीतिको प्रमुख उद्देश्यसँग तादात्म्यता कायम हुने गरी देहायका विशेष उद्देश्य तय गरिएको छः

- दिगो ऋण परिचालन र व्यवस्थापन: समष्टिगत आर्थिक संरचना र सरकारको भुक्तानी क्षमता अनुरूप हुने गरी वित्तीय स्रोतको सुनिश्चित गर्ने र सार्वजनिक ऋण प्रोफाइललाई दिर्घकालीन रुपमा दिगो बनाउने।
- लागत र जोखिम सन्तुलन: ऋण पोर्टफोलियोको लागत न्युनीकरण गर्दे पुर्नवित्तीयकरण व्याजदर र विनिमय दरमा निहित जोखिमहरुलाई वाञ्छित सीमाभित राखी वित्तीय आवश्यकता पूर्ति गर्नु।
- स्रोतको विविधिकरण र बजार बिस्तार: लगानीकर्ताको आधार विस्तार गर्नुका साथै ऋण उपकरण एवम् आन्तरिक तथा वाह्य ऋणको स्रोतको विविधीकरण गरी वित्त बजारको दक्षता अभिबृद्धि गर्ने।

१.४ वार्षिक ऋण योजनाको सीमाहरू

आ.व. २०८३/८४ को वार्षिक ऋण योजना अनुरूपको ऋण प्राप्ति तथा भुक्तानी कार्यलाई समग्र देशको आर्थिक स्थिति र विभिन्न आर्थिक सूचकहरू वास्तविक गार्हस्थ्य उत्पादन दर, राजस्व परिचालनको स्तर, मुद्रास्फीति, व्याज दर (आधारभूत दर), विदेशी विनिमय दर जस्ता सूचकहरूको यथार्थ अवस्थाले असर गर्न सक्ने देखिन्छ।

१.५ सार्वजनिक ऋण दायित्वको समग्र अवस्था (Overall Status of Public Debt Liability)

आर्थिक वर्ष २०८१/८२ को अन्तमा सार्वजनिक ऋण रू. २६ खर्व ७४ अर्व रहेकोमा आर्थिक वर्ष २०८२/८३ को अन्त्यमा यस्तो कुल सार्वजनिक ऋण रू. २९ खर्व ७४ अर्व कायम भएको छ। चालु आर्थिक वर्षमा साँवा फिर्ता रू. ३ खर्व १३ अर्व, ऋण प्राप्ती रू. ४ खर्व ४७ अर्व भई वैदेशिक विनिमयमा भएको घाटाको कारण रू. १ खर्व ६७ अर्व दायित्व थप भएकोले गतवर्षको तुलनामा रू. ३ खर्व ८५ करोड सार्वजनिक ऋण थप भएको छ।

तालिका: १ - सार्वजनिक ऋण दायित्वको समग्र अवस्था

(रू. करोडमा)

सि.नं	विवरण	शुरु मौज्दात	कारोवार		विनिमय दर घाटा	२०८३ असार मसान्त सम्मको	हिस्सा (प्रतिशत)
			ऋण प्राप्ती	साँवा फिर्ता			
क	वैदेशिक ऋण	१४०५८२.३६	८८५०.१९	६१८४.२३	१६७००.२५	१५९९४८.५७	५३.७७
ख	आन्तरिक ऋण	१२६८२२.४१	३५८६६.६९	२५१४७.५१	०.००	१३७५४१.५९	४६.२३
१	ट्रेजरी बिल	३७५५६.२०	१३०००.००	१४६५८.००		३५८९८.२०	१२.०७
२	विकास ऋणपत्र	८७३७५.७०	२२६००.००	९९९७.२०		९९९७८.५०	३३.६१
३	नागरिक बचतपत्र	१३४१.५०	२५०.००	३९५.३९		११९६.११	०.४०
४	वैदेशिक रोजगार बचतपत्र	३३.०५	१६.६९	५.५२		४४.२२	०.०१
५	आइ.एम.एफ बण्ड	५१५.९६	०.००	९१.४०		४२४.५६	०.१४
	जम्मा	२६७४०४.७७	४४७१६.८८	३१३३१.७४		२९७४९०.१६	१००.००

स्रोत: सार्वजनिक ऋण व्यवस्थापन कार्यालय (सार्वजनिक ऋणको असार महिनाको मासिक प्रतिवेदन)

आर्थिक वर्ष २०८२/ ८३ को अन्त्यमा वैदेशिक र आन्तरिक ऋणको हिस्सा क्रमश ५३.७७ प्रतिशत र ४६.२३ प्रतिशत रहको छ। कुल सार्वजनिक ऋण रकममा ट्रेजरी बिल १२.०७ प्रतिशत र विकास ऋणपत्र ३३.६१ प्रतिशत रहेको छ।

चार्ट १ – सार्वजनिक ऋण दायित्वको संरचना



१.६ सार्वजनिक ऋण दायित्वको वार्षिक प्रवृत्ति

पछिल्लो पाँच आर्थिक वर्षमा नेपालको कुल तिर्न बाँकी सार्वजनिक ऋण रकममा वृद्धि भएको छ। आर्थिक वर्ष २०७८/७९ मा रू. २० खर्व १३ अर्व रहेको ऋण आर्थिक वर्ष २०८२/८३ मा रू. २९ खर्व ७४ अर्व पुगेको छ। यस अवधिमा आन्तरिक तथा वाह्य ऋण संरचनामा समेत परिवर्तन भएको छ।

तालिका: २ - ऋण दायित्वको वार्षिक प्रवृत्ति

(रू.करोडमा)

आर्थिक बर्ष	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३
आन्तरिक ऋण	९८,७४४.९३	११२,९१०.३७	११८,०९०.१८	१२६,८२२.४१	१३७,५४१.५९
वैदेशिक ऋण	१०२,५८४.७१	११७,२४८.८८	१२५,३१९.७९	१४०,५८२.३६	१५९,९४८.५७
जम्मा ऋण	२०१,३२९.६४	२३०,१५९.२५	२४३,४०९.९८	२६७,४०४.७७	२९७,४९०.१६
वार्षिक बृद्धिदर (प्रतिशत)	१५.८६	१४.३२	५.७६	९.८६	११.२५
कूल गार्हस्थ उत्पादन	४८५,१६२.००	५३८,१३३.५०	५७०,४८४.४०	६१०,७२२.१०	६६०,००९.९०
कूल गार्हस्थ उत्पादनको तुलनामा ऋणको प्रतिशत	४१.५०	४२.७७	४२.६७	४३.७९	४५.०७
कुल ऋणमा आन्तरिक ऋणको हिस्सा (प्रतिशत)	४९.०५	४९.०६	४८.५१	४७.४३	४६.२३
कुल ऋणमा वैदेशिक ऋणको हिस्सा (प्रतिशत)	५०.९५	५०.९४	५१.४९	५२.५७	५३.७७

स्रोत: सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

आर्थिक वर्ष २०७८/७९ मा सार्वजनिक ऋणको वार्षिक वृद्धिदर करिब १५.८६ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८२/८३ मा ११.२५ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७८/७९ मा कुल ऋण मौज्दातमा आन्तरिक ऋण र वैदेशिक ऋणको हिस्सा क्रमश ४९.०५ प्रतिशत र ५०.९५ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८२/८३ मा यस्तो हिस्सा ४६.२३ प्रतिशत र ५३.७७ प्रतिशत रहेको छ।



खण्ड- २, सार्वजनिक वित्त तथा आर्थिक परिसूचकका लक्ष्य तथा अनुमान

२.१ सार्वजनिक वित्त प्रक्षेपण

नेपाल सरकारको सोह्रौं पञ्चवर्षीय योजना, मध्यमकालीन खर्च संरचना, आर्थिक वर्ष २०८३/८४ को बजेट अनुसार सार्वजनिक वित्तको आर्थिक वर्ष २०८१/८२ को यथार्थ, आर्थिक वर्ष २०८२/८३ को संशोधित र आर्थिक वर्ष २०८३/८४ को लक्ष्य तथा आर्थिक वर्ष २०८४/८५ र २०८५/८६ को प्रक्षेपण निम्नानुसार रहेको छ।

तालिका: ३ - समष्टिगत सार्वजनिक वित्त प्रक्षेपण

सि.न.	प्रक्षेपित विवरण	एकाई	२०८१/८२ यथार्थ	२०८२/८३ संशोधित	२०८३/८४ लक्ष्य	२०८४/८५ अनुमानित	२०८५/८६ अनुमानित
१	**राजस्व तथा अनुदान**	रू. अर्ब	११६२.७६	१३६८.४५	१४६७.०५	१६०९.८१	१७८६.३०
१.१	राजस्व	रू. अर्ब	११२७.८७	१३१५.००	१४०५.३१	१५६२.७१	१७३९.३०
१.२	अनुदान	रू. अर्ब	३४.८९	५३.४५	६१.७४	४७.१०	४७.००
२	**कुल खर्च(साँवा र ब्याज खर्च समेत)**	रू. अर्ब	१६६२.३६	१९६४.११	२१२४.३४	२३००.३८	२५१९.३१
२.१	प्राथमिक खर्च	रू. अर्ब	१२५९.५६	१५५३.१०	१७०१.७०	१८७६.३८	२०४७.३१
३	**प्राथमिक बचत**	रू. अर्ब	-९६.८०	-१८४.६५	-२३४.६५	-२६६.५७	-२६१.०१
४	ब्याज खर्च	रू. अर्ब	१०३.१०	१०८.५४	१०४.५५	१०९.००	१३४.००
५	साँवा खर्च	रू. अर्ब	२९९.७०	३०२.४८	३१८.०९	३१५.००	३३८.००
६	**बजेट घाटा**	रू. अर्ब	-४९९.६०	-५९५.६६	-६५७.२९	-६९०.५७	-७३३.०१
७	**कुल ऋण परिचालन**	रू. अर्ब	४९९.५९	५९५.६६	६५७.२८	६९०.५७	७३३.०१
७.१	बाह्य ऋण	रू. अर्ब	१६९.५९	२३३.६६	२४७.२८	२९५.६०	२९५.००
७.२	आन्तरिक ऋण	रू. अर्ब	३३०.००	३६२.००	४१०.००	३९४.९७	४३८.०१
८	कुल गार्हस्थ उत्पादन	रू. अर्ब	६१०७.२२	६६००.१०	७४८५.८०	८४९०.४०	९६२९.९०
९	बास्तविक कुल गार्हस्थ उत्पादन बृद्धिदर	%	३.८०	३.७०	७.००	७.००	७.००
१०	मुद्रास्फीती	%	४.०६	४.००	६.००	६.००	६.००
११	आधार ब्याजदर	%	८.००	६.५०	६.५०	६.५०	६.५०
१२	विनिमय दर(असार मसान्त)	NPR/USD	१३७.००	१५२.००	१५९.६०	१६७.५८	१७५.९६

स्रोत: आर्थिक वर्ष २०८३/ ८४ को बजेट पुस्तिका ,MTEF, सोह्रौं पञ्चवर्षीय योजना

आर्थिक वर्ष २०८३/८४ को बजेट अनुसार कुल बजेट घाटा रू. ६ खर्व ५७ अर्व हुने र उक्त न्यून रकम मध्ये वाह्य ऋण रू. २ खर्व ४७ अर्व र आन्तरिक ऋण रू. ४ खर्व १० अर्व परिचालन गर्ने लक्ष्य लिएको छ।

२.२ सार्वजनिक ऋण आवश्यकताको प्रक्षेपण

आर्थिक वर्ष २०८२/८३ को मध्यमकालीन खर्च संरचना तथा वार्षिक बजेट अनुमान अनुसार सरकारी वित्तको प्रमुख सूचक तथा ऋण आवश्यकता देहायबमोजिम रहने लक्ष्य लिएको छ।

तालिका: ४ – नेपाल सरकारको कुल ऋण आवश्यकताको प्रक्षेपण

(रू. करोडमा)

सि. नं.	विवरण	२०८१/८२को यथार्थ	२०८२/८३ को संशोधित लक्ष्य	२०८३/८४ का लक्ष्य
१	**राजस्व र विविध प्राप्ति**	**१२६,७३८.९**	**१४८,०००.०**	**१५८,०३१.८**
२	कर राजस्व	११२,८१८.७	१३२,५५८.४	१४०,३३१.८
३	अन्य राजस्व	१२,७७५.४	१५,४४१.६	१७७००
४	विविध प्राप्ति	१,१४४.७	०.०	०
५	राजस्व बाँडफाँड	१३,९५१.८	१६,५००.०	१७५००
६	**संघीय सरकारको संञ्चितकोषमा जम्मा हुने राजस्व**	**११२,७८७.१**	**१३१,५००.०**	**१४०,५३१.८**
७	अनुदान प्राप्ति	३,४८९.५	५,३४४.७	६१७४.५४
८	संघीय सरकारको संञ्चितकोषमा जम्मा हुने राजस्व र अनुदान	११६,२७६.६	१३६,८४४.७	१४६,७०६.४
९	**प्राथमिक खर्च**	**१२०,०७१.३**	**१४८,०३३.२**	**१६०,१९०.०**
१०	चालु खर्च	५४,५२३.५	६५,४६१.९	७४६५१.६६
११	पूँजीगत खर्च	२९,३९०.४	४०,७८८.८	४३११०.६३
१२	वित्तीय हस्तानतरण	३६,१५७.५	४१,७८२.५	४२४२७.७४
१३	**प्राथमिक सन्तुलन**	**-३,७९४.७**	**-११,१८८.५**	**-१३,४८३.७**
१४	ब्याज खर्च	१०,३१२.६	१०,८५३.६	९,९७९.५
१५	आन्तरिक ऋणको ब्याज खर्च	९,११७.४	९,२९६.१	८२२५
१६	वैदेशिक ऋणको ब्याज खर्च	१,१९५.२	१,५५७.५	१७५४.५
१७	सम्पूर्ण वित्तीय सन्तुलन	-१४,१०७.३	-२२,०४२.१	-२३,४६३.२
१८	ऋणको साँवा भुक्तानी	२९,३४४.१	३०,२४७.७	३१,८०९.२
१९	आन्तरिक ऋणको साँवा भुक्तानी	२३,८४०.७	२५,०५९.७	२४५८९
२०	वैदेशिक ऋणको साँवा भुक्तानी	५,५०३.४	५,१८८.०	७२२०.२
२१	नगद प्राप्ती र लगानी पूर्वको सन्तुलन	-४३,४५१.५	-५२,२८९.८	-५५,२७२.४
२२	सार्वजनिक संस्थान वा अन्य संस्थाबाट लगानी फिर्ता	-	०.०	०
२३	सार्वजनिक संस्थान वा अन्य संस्थाबाट सेयर लगानी फिर्ता	-	०.०	०
२४	सार्वजनिक संस्थान वा अन्य संस्थाबाट ऋण लगानी फिर्ता	-	०.०	०
२५	सार्वजनिक संस्थान वा अन्य संस्थामा लगानी	६,४२४.६	६,८७६.५	१०,४२६.७
२६	सार्वजनिक संस्थान वा अन्य संस्थाबाट सेयर लगानी	९२२.२	६६६.४	३७७६.७४
२७	सार्वजनिक संस्थान वा अन्य संस्थाबाट ऋण लगानी	५,५०२.४	६,२१०.०	६६४९.९७
२८	वैदेशिक शेयर लगानी	८३.९	४००.०	२९
२९	**बजेट सन्तुलन**	**-४९,९६०.०**	**-५९,५६६.३**	**-६५,७२८.१**
३०	**कूल ऋण आवश्यकता**	-४९,९६०.०	**-५९,५६६.३**	-६५,७२८.१
३१	**कूल ऋण परिचालन**	४९,९६०.०	**५९,५६६.३**	**६५,७२८.१**
३२	आन्तरिक ऋण परिचालन	३३,०००.०	३६,२००.०	४१०००
३३	वाह्य ऋण परिचालन	१६,९६०.०	२३,३६६.३	२४७२८.०७
३४	**ऋण आवश्यकता र परिचालन बीचको अन्तर**	०.०	०.०	०.०
३५	**नगद मौज्दातको अवस्था**	०.०	०.०	०.०

स्रोत: बजेट व्यक्तव्य २०८३/८४, अर्थ मन्त्रालय

आर्थिक वर्ष २०८३/८४ मा सरकारको प्राथमिक घाटा (Primary Deficit) रू. १ खर्व ३४ अर्व देखिन्छ भने सरकारको ऋण सेवा खर्च तथा खुद वित्तीय लगानी समेतको आधारमा बजेट घाटा रू. ६ खर्व ५७ अर्व रहेको छ।

२.३ ऋण सेवा खर्च (Debt Servicing)

ऋण सेवा खर्च अन्तर्गत सरकारले सार्वजनिक ऋणको साँवा भुक्तानी र व्याज खर्च गरेको रकम समावेश हुन्छ। आर्थिक वर्ष २०८३/८४ मा ऋण सेवा बापत खर्च गर्न नेपाल सरकारले रू. ४ खर्व १७ अर्व बजेट विनियोजन गरेको छ। सो मध्ये साँवा भुक्तानीमा रू. ३ खर्व १८ अर्व बजेट व्यवस्था भएको छ। नेपाल सरकारले कुल रू. ६ खर्व ५७ अर्व ऋण परिचालन गर्ने लक्ष्य लिएकोमा सोही अवधिमा साँवा फिर्ता गर्न रकम घटाउँदा खुद ऋण परिचालन रू. ३ खर्व ३९ अर्व हुने देखिन्छ।

तालिका: ५ - सार्वजनिक ऋण सेवा खर्च

(रू. करोडमा)

सिन	ऋण उपकरण	साँवा	व्याज	जम्मा
	आन्तरिक ऋण			
१	ट्रेजरी विल	१४,०००.००	१,५२५.००	१५,५२५.००
	विकास ऋणपत्र	१०,३००.००	६,५३६.००	१६,८३६.००
	नागरिक वचतपत्र	२८३.	१४२.	४२५.००
	वैदेशिक रोजगार वचतपत्र	६.	२०	२६.००
	कमिशन भुक्तानी	०	२	२.००
आन्तरिक ऋण सेवा खर्च		**२४,५८९.००**	**८,२२५.००**	**३२,८१४.००**
	वैदेशिक ऋण			
२	द्विपक्षीय	१,४९१.००	२५८.	१,७४९.००
	बहुपक्षीय	५,७२९.२०	१४९६.५	७,२२५.७०
वैदेशिक ऋणको सेवा खर्च		**७,२२०.२०**	**१,७५४.५०**	८,९७४.७०
कुल जम्मा		**३१,८०९.२०**	**९,९७९.५०**	**४१,७८८.७०**

२.४ ऋणको साँवा फिर्ता तालिका

आर्थिक वर्ष २०८३/८४ को सुरुमा नेपाल सरकारको आन्तरिक ऋण तर्फ साँवा फिर्ता दायित्व रू. १३ खर्व ७१ अर्व रहेको छ। यस वार्षिक ऋण योजनामा विभिन्न ऋण उपकरण तथा यसको भुक्तानी अवधि छनौट गर्दा यस अघि विभिन्न आर्थिक वर्षमा दायित्व कायम भई सकेको ऋणको साँवा फिर्तालाई

समेत आधार लिई वार्षिक रूपमा भुक्तानी गर्नुपर्ने साँवा फिर्ता रकमलाई सन्तुलन कायम गर्ने प्रयास गरिएको छ।

आर्थिक वर्ष २०८३/८४ मा कूल आन्तरिक ऋणको ३४ प्रतिशत साँवा फिर्ता रहेको छ भने आर्थिक वर्ष २०९८/९९ मा यस्तो साँवा फिर्ता दायित्व १ प्रतिशत रहेको छ।

तालिका: ६ –आन्तरिक ऋण दायित्वको भुक्तानी तालिका

(रू. करोडमा)

आर्थिक वर्ष	ट्रेजरी बिल	विकास ऋणपत्र	नागरिक बचतपत्र	वैदेशिक रोजगार बचतपत्र	जम्मा	हिस्सा (प्रतिशत)
२०८३/८४	३५,८९८.२०	१०,९००.००	२८२.९८	५.६७	४७,०८६.८५	३४.३४
२०८४/८५	-	१२,१००.००	२३६.१३	२.६४	१२,३३८.७७	९.००
२०८५/८६	-	१४,६००.००	३६.९८	५.१६	१४,६४२.१४	१०.६८
२०८६/८७	-	१६,०००.००	३९०.०२	१४.०५	१६,४०४.०७	११.९६
२०८७/८८	-	१२,२००.००	२५०.००	१६.७०	१२,४६६.७०	९.०९
२०८८/८९	-	११,९०९.५०	-	-	११,९०९.५०	८.६९
२०८९/९०	-	४,६७४.००	-	-	४,६७४.००	३.४१
२०९०/९१		५,७१०.००			५,७१०.००	४.१६
२०९१/९२		४,८८५.००			४,८८५.००	३.५६
२०९२/९३		५,०००.००			५,०००.००	३.६५
२०९३/९४		१,०००.००			१,०००.००	०.७३
२०९७/९८		१,०००.००			१,०००.००	०.७३
जम्मा	**३५,८९८.२०**	**९९,९७८.५०**	**१,१९६.११**	४४.२२	**१३७,११७.०३**	१००.००

स्रोत: सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

चार्ट २- आन्तरिक ऋण भुक्तानी तालिका



२.५ अनुमानित मासिक बजेट घाटा

सरकारको मासिक रूपमा प्राप्त गर्ने अनुमानित राजस्व तथा हुने खर्चको आधारमा मासिक बजेट घाटाको विश्लेषण गरिएको छ। सरकारको विगत पाँच वर्षको राजस्व प्राप्ति तथा खर्चको प्रवृत्तिको आधारमा मासिक रूपमा हुन सक्ने न्यून बजेटको अनुमान गरिएको छ।

तालिका: ७ -मासिक बजेट घाटाको अनुमानित विवरण

(रू. करोडमा)

सिन	महिना	अनुमानित राजश्व प्राप्ति	अनुमानित खर्च	अनुमानित बजेट बचत/घाटा
१	श्रावण	११६६९	६५४२	५१२७
२	भाद्र	९०३७	१६२९४	-७२५८
३	आश्विन	१०९९१	२२९१३	-११९२२
४	कार्तिक	९४८५	१२७१७	-३२३२
५	मंसिर	९८८९	१५११८	-५२२९
६	पुष	१९२१९	१७१५०	२०६८
७	माघ	१०१६३	१६००९	-५८४६
८	फाल्गुन	९८०८	१५३४७	-५५३९
९	चैत्र	१५१८७	१९३१६	-४१२९
१०	बैशाख	१११९६	१६९५०	-५७५५
११	जेठ	१०६४४	१६७००	-६०५६
१२	असार	१९४१८	३६७०६	-१७२८७
	जम्मा	१४६७०५	२११७६३	-६५०५८

खण्ड-३, वार्षिक ऋण योजना लक्ष्य तथा निष्कासन तालिका

३.१ वार्षिक ऋण परिचालन तर्जुमाको आधार

नेपाल सरकारको आ.व. २०८३/८४ को वार्षिक आय-व्यय अनुमान, राष्ट्र ऋण उठाउने ऐन, २०८३ ले तोकेको सीमाभित्र रही सार्वजनिक ऋणको दिगोपना, ऋणको लागत तथा जोखिमको आधारमा विवेकशील ऋण उपकरण छनौट गर्ने मूलभूत पक्षहरूलाई दृष्टिगत गरी देहायको आधारमा ऋण परिचालन गरिने लक्ष्य तथा अनुमान गरिएको छ।

क. वैदेशिक ऋणको प्राप्ति ऋण सम्झौता तथा वैदेशिक स्रोत समावेश भएको आयोजनाको खर्चमा आधारित हुने भएकोले गत विगत वर्षमा भएको डिस्वर्समेन्टको प्रवृतिको आधारमा प्रथम र दोस्रो त्रैमासिकमा क्रमश: २०/२० प्रतिशतको दरले तथा तेस्रो र चौथो त्रैमासिकमा क्रमश: ३०/३० प्रतिशतको दरले हुने अनुमान तथा लक्ष्य राखिएको छ।

ख. मध्यमकालीन ऋण व्यवस्थापन रणनीति २०८२/८३-२०८४/८५ ले कुल सार्वजनिक ऋण तथा आन्तरिक ऋणमा अल्पकालीन ऋणको हिस्सा घटाउदै लैजाने र सोको प्रतिस्थापन मध्यमकालीन तथा दीर्घकालीन ऋणपत्र निष्कासन गर्ने रणनीति अनुसारनै गत वर्षको ट्रेजरी बिलको मौज्दात घट्ने गरी आन्तरिक ऋण उपकरण छनौट गरिएको छ।

ग. सरकारको विगत वर्षहरुको राजस्व प्राप्ति तथा खर्चको प्रवृत्तिको आधारमा मासिक रुपमा हुन सक्ने न्यून बजेटको अनुमान गरी आन्तरिक ऋण निष्कासन तालिका तर्जुमा गरिएको छ।

घ. हाल बजारमा पर्याप्त तरलता रहेको तथा व्याजदर समेत न्यून रहेकोले लागत प्रभावकारिताको लागि आर्थिक वर्षको प्रथम र दोस्रो त्रैमासिकमा मध्यमकालीन तथा दीर्घकालीन ऋणपत्र निष्कासन गर्ने गरी वार्षिक ऋण योजना तथा निष्कासन तालिका तर्जुमा गरिएको छ।

ङ. आर्थिक वर्षको प्रथम र दोस्रो त्रैमासिकमा गत वर्ष मौज्दात रहेको ट्रेजरी बिलको भुक्तानीलाई प्राथमिकतामा राखिएको छ भने आर्थिक वर्षको तेस्रो तथा चौथो त्रैमासिकमा न्यून हुने बजेट पूर्ति गर्न ट्रेजरी बिल निष्कासन गर्ने गरी योजना तर्जुमा गरिएको छ।

च. नेपाल सरकारको आन्तरिक ऋणको साँवा फिर्ता दायित्वको भुक्तानी तालिकाको आधारमा ऋण उपकरण तथा यसको भुक्तानी अवधि छनौट गरिएको छ। यसरी छनौट गर्दा यस अघि दायित्व कायम भई सकेको ऋणको साँवा फिर्तालाई समेत आधार लिई वार्षिक तथा मासिक रूपमा भुक्तानी सन्तुलन कायम गर्न प्रयास गरिएको छ।

छ. आर्थिक वर्ष २०८३/८४ मा नेपाल सरकारले मासिक रुपमा ऋण सेवा खर्च (Debt Servicing Cost) बापत भुक्तानी गर्ने रकमलाई समेत आधार लिइएको छ। यसले बजारमा ऋणपत्रको निष्कासन र भुक्तानीको कारण नगद प्रवाहमा सन्तुलन गर्न प्रयास गरिएको छ।

३.२ वार्षिक ऋण स्रोतगत परिचालन

नेपाल सरकारको आर्थिक वर्ष २०८३/८४ को वार्षिक आय-व्यय अनुमान अनुसारको न्यून हुने रकम पूर्ति गर्न देहाय बमोजिम ऋण परिचालन गरिनेछ।

तालिका: ८ - वार्षिक ऋण स्रोतगत परिचालन

(रू. करोडमा)

सि.नं	ऋणको स्रोत	वार्षिक ऋण रकम	प्रतिशत
१	आन्तरिक ऋण	४१,०००.००	६२.३८%
२	वैदेशिक ऋण	२४,७२८.०७	३७.६२%
जम्मा		६५,७२८.०७	१०० %
३	विद्यमान ट्रेजरी बिलको नवीकरण	२१,८००.००	
कुल ऋण आवश्यकताको रकम		**८७,५२८.०७**	

आर्थिक वर्ष २०८३/८४ मा न्यून बजेट पूर्ति आन्तरिक ऋणबाट ६२.३८ प्रतिशत र वैदेशिक ऋणबाट ३७.६२ प्रतिशत हुने लक्ष्य रहेको छ। आर्थिक वर्षको सुरुवातमा रु. ३ खर्व ५८ अर्व मौज्दात रहेको ट्रेजरी बिलको रकम मध्ये रू. १ खर्व ४० अर्व भुक्तानी गरी बाँकी रहेको रू. २ खर्व १८ अर्व नवीकरण निष्कासन गरिने अनुमान गरिएको छ।

३.३ ऋणको उपकरणगत विभाजन

मध्यमकालीन ऋण व्यवस्थापन रणनीतिले लिएको लक्ष्य र वार्षिक बजेटले निश्चित गरेका सार्वजनिक ऋण सम्बन्धी सीमाहरूलाई समेत विश्लेषण गरी आ.व.२०८३/८४ को लागि वार्षिक ऋणको उपकरणगत खाका तयार गरिएको छ। वैदेशिक ऋण प्राप्त गर्ने लक्ष्य दातृ निकायगत बजेटमा नै अनुमान गरेको छ। आन्तरिक ऋण कुल परिचालन गर्न रू ४ खर्व १० अर्वमा नबढ्ने गरी सीमा तोकिएकोले विभिन्न उपकरण मार्फत परिचालन गर्ने योजना तर्जुमा गरिएको छ। सार्वजनिक ऋणको स्रोतलाई विभिन्न उपकरणमा देहाय बमोजिम बाँडफाँट गरिएको छ।

तालिका: ९ - ऋणको उपकरणगत विभाजन

(रू. करोडमा)

सि.नं	ऋण स्रोत	उपकरण समूह	रकम रू (करोडमा)	कुल ऋण परिचालनमा उपकरकणको अनुपात (प्रतिशतममा)
१	वैदेशिक ऋण	RDI-1 IDA/IFAD/EEC/EIB/NDF	११,२५९.५९	१७.१३
		RDI – 2: ADB/OFID	११,६७३.६६	१७.७६
		RDI – 3: Bilateral	८५७.३१	१.३०
		RDI – 4: Exim Loans	३०७.५०	०.४७
		RDI – 5: IMF Loans	६३०.०१	०.९६
वैदेशिक जम्मा			२४,७२८.०७	३७.६२
२	आन्तरिक ऋण	**क- ट्रेजरी बिल**	**१०,४००.००**	१५.८२
		२८ दिने	१,०००.००	१.५२
		९१ दिने	४,४००.००	६.६९
		१८२ दिने	२,५००.००	३.८०
		३६४ दिने	२,५००.००	३.८०
		ख- ट्रेजरी वण्ड	**३०,६००.००**	४६.५६
		RDI - 6: T-Bonds 2-6 yrs	९,६००.००	१४.६१
		RDI - 7: T-Bonds -7-10yrs	११,०००.००	१६.७४
		RDI - 8: T-Bonds Above 10 yrs	१०,०००.००	१५.२१
आन्तरिक जम्मा जम्मा			४१,०००.००	६२.३८
कुल वार्षिक ऋण परिचालन जम्मा			६५,७२८.०७	१००.००
Treasury Bill Rollover			**२१,८००.००**	
ट्रेजरी बिल रोलओभर सहित कुल जम्मा			**८७,५२८.०७**	

मध्यमकालीन ऋण व्यवस्थापन रणनीतिले अल्पकालीन ऋणको हिस्सा कम गर्ने रणनीति अनुसारनै यस ऋण योजनामार्फत विगतको तुलनामा आन्तरिक ऋणमा ट्रेजरी बिलको अंशलाई कम गर्दै मध्यमकालीन तथा दीर्घकालीन विकास ऋणपत्रहरूको अंशलाई बढाउने गरी उपकरण छनौट गरिएको छ।

ट्रेजरी वण्डको उपकरणगत विभाजन निम्न अनुसार रहेको छः

विकास ऋणपत्र	रू. ३०००० करोड
नागरिक बचतपत्र	रू. ५०० करोड
वैदेशिक रोजगार बचत पत्र	रू. १०० करोड

३.४ ऋणको उपकरणगत त्रैमासिक परिचालन लक्ष्य

आर्थिक वर्ष २०८३/८४ मा परिचालन गर्ने सार्वजनिक ऋणको उपकरणगत त्रैमासिक विभाजन देहाय बमोजिम हुने अनुमान गरिएको छ।

क. वैदेशिक ऋण

तालिका: १० - वैदेशिक ऋणको त्रैमासिक परिचालन लक्ष्य

(रू. करोडमा)

सि.नं	ऋण स्रोत	उपकरण समूह	रकम रू (करोडमा)	प्रथम	दोस्रो	तेस्रो	चौथो
१	वैदेशिक ऋण	RDI-1 IDA/IFAD/EEC/EIB/NDF	११,२५९.५९	२२५१.९२	२२५१.९२	३३७७.८८	३३७७.८८
		RDI – 2: ADB/OFID	११,६७३.६६	२३३४.७३	२३३४.७३	३५०२.१०	३५०२.१०
		RDI – 3: Bilateral	८५७.३१	१७१.४६	१७१.४६	२५७.१९	२५७.१९
		RDI – 4: Exim Loans	३०७.५०	६१.५०	६१.५०	९२.२५	९२.२५
		RDI – 5: IMF Loans	६३०.०१	१२६.००	१२६.००	१८९.००	१८९.००
जम्मा			२४,७२८.०७	४,९४५.६१	४,९४५.६१	७,४१८.४२	७,४१८.४२

ख. आन्तरिक ऋण

तालिका: ११ - आन्तरिक ऋणको त्रैमासिक परिचालन लक्ष्य

(रू. करोडमा)

सि.नं	ऋण स्रोत	उपकरण समूह	रकम रू (करोडमा)	प्रथम	दोस्रो	तेस्रो	चौथो
१	आन्तरिक ऋण	क- ट्रेजरी बिल					
		२८ दिने	१,०००.००	-	०	५००	५००
		९१ दिने	४,४००.००	५००.००	५००	१५००	१९००
		१८२ दिने	२,५००.००	५००.००	०	५००	१५००
		३६४ दिने	२,५००.००	-	५००	५००	१५००
		ख- ट्रेजरी वण्ड					
		RDI - 6: T-Bonds 2-6 yrs	९,६००.००	२०००	४३००	३०००	३००.००
		RDI - 7: T-Bonds -7-10yrs	११,०००.००	३०००	२०००	३०००	३,०००.००
		RDI - 8: T-Bonds Above 10 yrs	१०,०००.००	४०००	२०००	३०००	१,०००.००
जम्मा			४१,०००.००	१००००	९३००	१२०००	९७००
		Treasury Bill Rollover	२१,८००.००				
कुल जम्मा			६२,८००.००				

३.५ आन्तरिक ऋण परिचालनको योजना

आर्थिक वर्ष २०८३/८४ मा नेपाल सरकारले आन्तरिक ऋणको साँवा भुक्तानीको लागि रू. २ खर्व ४५ अर्व बजेट विनियोजन गरेको छ भने न्यून वित्त परिचालन गर्न रू. ४ खर्व १० अर्व आन्तरिक ऋण निष्कासन गर्ने लक्ष्य लिएको छ। सरकारले लक्ष्य अनुसार ऋणपत्रहरु निष्कासन गर्दा बजारमा तरलताको अवस्थामा पार्ने प्रभावलाई मासिक रुपमा विश्लेषण गरिएको छ। यस विश्लेषणले सरकारले मासिक रूपमा गर्ने खुद ऋण परिचालनको अवस्था देखाउदछ। यस विश्लेषणमा सरकारले ऋणपत्रको व्याज बापत भुक्तानी गर्ने रकम तथा वैदेशिक ऋणको साँवा तथा व्याज भुक्तानी रकम समावेश गरिएको छैन। वार्षिक ऋण योजना तथा निष्कासन तालिका २०८३/८४ कार्यान्वयन गर्दा मासिक रूपमा देहाय बमोजिम खुद नगद प्रवाह हुने देखिन्छ।

तालिका: १२ - नगद प्रवाहको अवस्था

(रू. करोडमा)

सिन	महिना	भुक्तानी					आन्तरिक ऋण प्राप्ति	खुद परिचालन
		ट्रेजरी बिल	विकास ऋणपत्र	नागरिक बचतपत्र	वैदेशिक रोजगार बचतपत्र	जम्मा साँवा भुक्तानी		
१	श्रावण	४०००	०			४०००	२०००	-२०००
२	भाद्र	३०००	०			३०००	३०००	०
३	आश्विन	१०००	०			१०००	५०००	४०००
४	कार्तिक	२५००	०			२५००	३०००	५००
५	मंसिर	२०००	०			२०००	४३००	२३००
६	पुष		५००			५००	२०००	१५००
७	माघ	८१२	१०००			१८१२	४०००	२१८८
८	फाल्गुन		१०००	०		१०००	४०००	३०००
९	चैत्र		१३००	९६.९३		१३९७	४०००	२६०३
१०	बैशाख		२०००			२०००	३३००	१३००
११	जेठ		०			०	४४००	४४००
१२	असार		५१००	१८६.०४	५.६७	५२९२	२०००	-३२९२
	जम्मा	१३३१२.००	१०९००.००	२८२.९७	५.६७	२४५००.६४	४१०००.००	१६४९९.३६

माथिको तालिका अनुसार चालु आर्थिक वर्षमा रू. १ खर्व ६५ अर्व खुद आन्तरिक ऋण परिचालन हुन जाने देखिन्छ।

३.६ सार्वजनिक ऋण दायित्वको प्रक्षेपण

वार्षिक ऋण योजना २०८३/८४ को कार्यान्वयन पश्चात् आ.व. २०८३/८४ को अन्त्यमा कुल सार्वजनिक ऋण रू. ३३ खर्ब ६४ अर्व कायम हुने अनुमान गरिएको छ। यो आर्थिक वर्ष २०८३/८४ को लागि प्रक्षेपित कुल गार्हस्थ्य उत्पादनको अनुपातमा ४४.९४ प्रतिशत हुन जाने देखिन्छ। कुल सार्वजनिक ऋणमा आन्तरिक ऋण र वैदेशिक ऋणको हिस्सा क्रमश: ४५.७६ प्रतिशत र ५४.२४ प्रतिशत हुने अनुमान गरिएको छ।

तालिका: १३ - सार्वजनिक ऋण दायित्वको प्रक्षेपण

(रू. करोडमा)

विवरण	शुरू मौज्दात(२०८३ श्रावण १)	२०८३/८३४मा ऋण प्राप्ति	२०८३/८४ मा सावाँ फिर्ता	विनिमय दर घाटा	अन्तिम मौज्दात (२०८४ असार मसान्त)	हिस्सा (प्रतिशत)
आन्तरिक ऋण	१३७,५४१.५९	४१,०००.००	२४,५८९.००		१५३,९५२.५९	४५.७६
ट्रेजरी बिल	३५,८९८.२०	१०,४००.००	१३,४००.००		३२,८९८.२०	९.७८
विकास ऋणपत्र	९९,९७८.५०	३०,०००.००	१०,९००.००		११९,०७८.५०	३५.४०
नागरिक बचतपत्र	१,१९६.११	५००	२८३		१,४१३.११	०.४२
वैदेशिक रोजगार बचतपत्र	४४.२२	१००	६		१३८.२२	०.०४
आइ.एम.एफ बण्ड	४२४.५६	०	०		४२४.५६	०.१३
बाह्य ऋण	१५९,९४८.५७	२४,७२८.०७	७,२२०.२०	५,०००.००	१८२,४५६.४४	५४.२४
कुल सार्वजनिक ऋण	२९७,४९०.१६	६५,७२८.०७	३१,८०९.२०	५,०००.००	३३६,४०९.०३	१००.००

आन्तरिक ऋणको उपकरण मध्ये ट्रेजरी बिल, विकास ऋणपत्र, नागरिक बचतपत्र, वैदेशिक रोजगार बचतपत्र र आइ.एम.एफ बण्डको मौज्दात कुल ऋणको क्रमश ९.७८ प्रतिशत, ३५.४ प्रतिशत, ०.४२ प्रतिशत, ०.०४ प्रतिशत र ०.१३ प्रतिशत रहने अनुमान रहेको छ। यस आर्थिक वर्षमा ट्रेजरी बिल बाहेक अन्य आन्तरिक ऋणका उपकरणहरूमा वृद्धि हुने आँकलन गरिएको छ।

चार्ट ३ - कुल ऋणमा उपकरणगत प्रतिशत



आर्थिक वर्ष २०८२/८३ मा वैदेशिक ऋण कुल ऋणको ५३.७७ प्रतिशत रहेकोमा आर्थिक वर्षको अन्त्यमा ५४.२४ प्रतिशत पुग्ने अनुमान रहेको छ। त्यस्तै आन्तरिक ऋण तर्फ ट्रेजरी बिल र विकास ऋणपत्रको हिस्सा आर्थिक वर्षको प्रारम्भमा कुल ऋणको क्रमश: १२.०७ प्रतिशत र ३३.६१ प्रतिशत रहेकोमा आर्थिक वर्षको अन्त्यमा क्रमश: ९.७८ प्रतिशत र ३५.४ प्रतिशत कायम रहने अनुमान गरिएको छ। अत: यस अवधिमा मध्यमकालीन ऋण व्यवस्थापन रणनीतिले लिएको अल्पकालीन ऋणको हिस्सा घटाउने लक्ष्य प्राप्त हुने देखिन्छ।

चार्ट ४- कुल गार्हस्थ्य उत्पादनको अनुपातमा ऋण



आ.व. २०८२/८३ को प्रारम्भमा कुल गार्हस्थ्य उत्पादनको आधारमा आन्तरिक ऋण र वैदेशिक ऋण क्रमशः २०.८४ प्रतिशत र २४.२३ प्रतिशत रहेकोमा आर्थिक वर्षको अन्त्यमा क्रमशः २०.५७ प्रतिशत र २४.३७ प्रतिशत पुग्ने आकलन गरिएको छ।

३.७ आन्तरिक ऋणको प्रक्षेपित ऋण दायित्व तालिका

वार्षिक ऋण योजना, २०८३/८४ को कार्यान्वयन पश्चात् २०८४ को असार मसान्तमा आन्तरिक ऋण दायित्वको साँवा भुक्तानी तालिका देहाय बमोजिम रहने अनुमान गरिएको छ।

तालिका: १४ - आन्तरिक ऋण दायित्वको साँवा भुक्तानी तालिका

(रू. करोडमा)

आर्थिक वर्ष	ट्रेजरी बिल	विकास ऋणपत्र	नागरिक बचतपत्र	वैदेशिक रोजगार बचतपत्र	जम्मा	हिस्सा (प्रतिशत)
२०८४/८५	३२,८९८.२०	१२,१००.००	२३६.१३	२.६४	४५,२३६.९७	२९.४६
२०८५/८६	-	१४,६००.००	३६.९८	५.१६	१४,६४२.१४	९.५४
२०८६/८७	-	१६,०००.००	३९०.०२	१४.०५	१६,४०४.०७	१०.६८
२०८७/८८	-	१४,२००.००	२५०.००	१६.७०	१४,४६६.७०	९.४२
२०८८/८९	-	१४,९०९.५०	५००.००	१००.००	१५,५०९.५०	१०.१०
२०८९/९०	-	८,६७४.००	-	-	८,६७४.००	५.६५
२०९०/९१		८,७१०.००			८,७१०.००	५.६७
२०९१/९२		७,८८५.००			७,८८५.००	५.१४
२०९२/९३		८,०००.००			८,०००.००	५.२१
२०९३/९४		३,०००.००			३,०००.००	१.९५
२०९४/९५		३,०००.००			३,०००.००	१.९५
२०९५/९६		२,०००.००			२,०००.००	१.३०
२०९६/९७		२,०००.००			२,०००.००	१.३०
२०९७/९८		२,०००.००			२,०००.००	१.३०
२०९८/९९		२,०००.००			२,०००.००	१.३०
जम्मा	**३२,८९८.२०**	**११९,०७८.५०**	**१,४१३.१३**	**१३८.५५**	**१५३,५२८.३८**	१००.००

३.८ वार्षिक ऋण निष्कासन तालिका

वार्षिक ऋण योजनाले त्रैमासिक तथा उपकरणगत रूपमा आन्तरिक ऋण परिचालन गर्न लिएको लक्ष्यको आधारमा ऋण निष्कासन तालिका तयार गरिएको छ। यस तालिकामा कुन समयमा कति रकमको कस्तो उपकरण निष्कासन गरिनेछ भन्ने विवरण उल्लेख गरिएको छ। यसले सम्भाव्य लगानीकर्तालाई आफ्नो लगानी योजना बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

तालिका: १५

आर्थिक वर्ष २०८३/८४ का त्रैमासिक रूपमा उठाइने आन्तरिक ऋणको बोलकबोल तालिका

(रू. करोडमा)

प्रथम त्रैमासिक						
क	**ट्रेजरी बिल**					
क्र.सं.	**उपकरण**	**भुक्तानी अवधि**	**ब्याज दर**	**बोलकबोल मिति**	**निष्कासन मिति**	**रकम**
१	ट्रेजरी बिल	९१ दिने	बोलकबोलबाट निर्धारण हुने	६/५/२०८३	६/६/२०८३	५००
२	ट्रेजरी बिल	१८२ दिने	बोलकबोलबाट निर्धारण हुने	६/२६/२०८३	६/२७/२०८३	५००
जम्मा रकम						१०००
ख	**विकास ऋणपत्र**					
क्र.सं.	**उपकरण**	**भुक्तानी अवधि**	**ब्याज दर**	**बोलकबोल मिति**	**निष्कासन मिति**	**रकम**
१	विकास ऋणपत्र	१५ वर्षे	बोलकबोलबाट निर्धारण हुने	४/२०/२०८३	४/२१/२०८३	१०००
२	विकास ऋणपत्र	४ वर्षे	बोलकबोलबाट निर्धारण हुने	४/२७/२०८३	४/२८/२०८३	१०००
३	विकास ऋणपत्र	७ वर्षे	बोलकबोलबाट निर्धारण हुने	५/३/२०८३	५/४/२०८३	१०००
४	विकास ऋणपत्र	१४ वर्षे	बोलकबोलबाट निर्धारण हुने	५/१७/२०८३	५/१८/२०८३	१०००
५	विकास ऋणपत्र	५ वर्षे	बोलकबोलबाट निर्धारण हुने	५/२४/२०८३	५/२५/२०८३	१०००

६	विकास ऋणपत्र	११ वर्षे	बोलकबोलबाट निर्धारण हुने	६/७/२०८३	६/८/२०८३	१०००
७	विकास ऋणपत्र	७ वर्षे	बोलकबोलबाट निर्धारण हुने	६/१४/२०८३	६/१५/२०८३	१०००
८	विकास ऋणपत्र	१३ वर्षे	बोलकबोलबाट निर्धारण हुने	६/२१/२०८३	६/२२/२०८३	१०००
९	विकास ऋणपत्र	९ वर्षे	बोलकबोलबाट निर्धारण हुने	६/२८/२०८३	६/२९/२०८३	१०००
जम्मा रकम						९०००
कुल जम्मा						१००००
दोश्रो त्रैमासिक						
क	**ट्रेजरी बिल**					
क.सं.	**उपकरण**	**भुक्तानी अवधि**	**ब्याज दर**	**बोलकबोल मिति**	**निष्कासन मिति**	**रकम**
३	ट्रेजरी बिल	९१ दिने	बोलकबोलबाट निर्धारण हुने	७/९/२०८३	७/१०/२०८३	५००
४	ट्रेजरी बिल	३६४ दिने	बोलकबोलबाट निर्धारण हुने	७/१६/२०८३	७/१७/२०८३	५००
जम्मा रकम						१०००
ख	**विकास ऋणपत्र**					
क.सं.	**उपकरण**	**भुक्तानी अवधि**	**ब्याज दर**	**बोलकबोल मिति**	**निष्कासन मिति**	**रकम**
१०	विकास ऋणपत्र	६ वर्षे	बोलकबोलबाट निर्धारण हुने	७/११/२०८३	७/१२/२०८३	१०००
११	विकास ऋणपत्र	८ वर्षे	बोलकबोलबाट निर्धारण हुने	७/१८/२०८३	७/१९/२०८३	१०००
१२	विकास ऋणपत्र	१२ वर्षे	बोलकबोलबाट निर्धारण हुने	८/२/२०८३	८/३/२०८३	१०००
१३	विकास ऋणपत्र	६ वर्षे	बोलकबोलबाट निर्धारण हुने	८/९/२०८३	८/१०/२०८३	१०००
१४	विकास ऋणपत्र	१३ वर्षे	बोलकबोलबाट निर्धारण हुने	८/१६/२०८३	८/१७/२०८३	१०००
१५	विकास ऋणपत्र	८वर्षे	बोलकबोलबाट निर्धारण हुने	८/२३/२०८३	८/२४/२०८३	१०००

१६	विकास ऋणपत्र	५ वर्षे	बोलकबोलबाट निर्धारण हुने	९/१/२०८३	९/२/२०८३	१०००
१७	विकास ऋणपत्र	६ वर्षे	बोलकबोलबाट निर्धारण हुने	९/२२/२०८३	९/२३/२०८३	१०००
जम्मा रकम						**८०००**
ग	**नागरिक बचतपत्र**					
क्र.सं.	**उपकरण**	**भुक्तानी अवधि**	**ब्याज दर**	**बिक्री खुला/बन्द मिति**	**निष्कासन मिति**	**रकम**
१	**नागरिक बचतपत्र**	५ वर्ष	पछि निर्धारण गरिने	८/२२/२०८३ देखि ९/२२/२०८३	९/२४/२०८३	२५०
घ	**वैदेशिक रोजगार बचतपत्र**					
क्र.सं.	**उपकरण**	**भुक्तानी अवधि**	**ब्याज दर**	**बिक्री खुला/बन्द मिति**	**निष्कासन मिति**	**रकम**
१	**वैदेशिक रोजगार बचतपत्र**	५ वर्ष	पछि निर्धारण गरिने	८/२२/२०८३ देखि ९/२२/२०८३	९/२४/२०८३	५०
कुल जम्मा						**९,३००.००**
तेश्रो त्रैमासिक						
क	**ट्रेजरी बिल**					
क्र.सं.	**उपकरण**	**भुक्तानी अवधि**	**ब्याज दर**	**बोलकबोल मिति**	**निष्कासन मिति**	**रकम**
५	ट्रेजरी बिल	९१ दिने	बोलकबोलबाट निर्धारण हुने	१०/१८/२०८३	१०/१९/२०८३	५००
६	ट्रेजरी बिल	१८२ दिने	बोलकबोलबाट निर्धारण हुने	१०/२५/२०८३	१०/२६/२०८३	५००

७	ट्रेजरी बिल	९१ दिने	बोलकबोलबाट निर्धारण हुने	११/१०/२०८३	११/११/२०८३	५००
८	ट्रेजरी बिल	३६४ दिने	बोलकबोलबाट निर्धारण हुने	११/१७/२०८३	११/१८/२०८३	५००
९	ट्रेजरी बिल	९१ दिने	बोलकबोलबाट निर्धारण हुने	१२/१/२०८३	१२/२/२०८३	५००
१०	ट्रेजरी बिल	२८ दिने	बोलकबोलबाट निर्धारण हुने	१२/२९/२०८३	१२/३०/२०८३	५००
जम्मा रकम						**३०००**
ख	**विकास ऋणपत्र**					
क्र.सं.	**उपकरण**	**भुक्तानी अवधि**	**ब्याज दर**	**बोलकबोल मिति**	**निष्कासन मिति**	**रकम**
१८	विकास ऋणपत्र	६ वर्षे	बोलकबोलबाट निर्धारण हुने	१०/६/२०८३	१०/७/२०८३	१०००
१९	विकास ऋणपत्र	१० वर्षे	बोलकबोलबाट निर्धारण हुने	१०/१३/२०८३	१०/१४/२०८३	१०००
२०	विकास ऋणपत्र	५ वर्षे	बोलकबोलबाट निर्धारण हुने	१०/२७/२०८३	१०/२८/२०८३	१०००
२१	विकास ऋणपत्र	११ वर्षे	बोलकबोलबाट निर्धारण हुने	११/५/२०८३	११/६/२०८३	१०००
२२	विकास ऋणपत्र	४ वर्षे	बोलकबोलबाट निर्धारण हुने	११/१९/२०८३	११/२०/२०८३	१०००
२३	विकास ऋणपत्र	१५ वर्षे	बोलकबोलबाट निर्धारण हुने	११/२६/२०८३	११/२७/२०८३	१०००
२४	विकास ऋणपत्र	९ वर्षे	बोलकबोलबाट निर्धारण हुने	१२/१०/२०८३	१२/११/२०८३	१०००
२५	विकास ऋणपत्र	१२ वर्षे	बोलकबोलबाट निर्धारण हुने	१२/१७/२०८३	१२/१८/२०८३	१०००
२६	विकास ऋणपत्र	१० वर्षे	बोलकबोलबाट निर्धारण हुने	१२/२४/२०८३	१२/२५/२०८३	१०००
जम्मा रकम						**९,०००.००**
कुल जम्मा						**१२,०००.००**
चौथो त्रैमासिक						
क	**ट्रेजरी बिल**					

क्र.सं.	उपकरण	भुक्तानी अवधि	ब्याज दर	बोलकबोल मिति	निष्कासन मिति	रकम
११	ट्रेजरी बिल	९१ दिने	बोलकबोलबाट निर्धारण हुने	१/६/२०८४	१/७/२०८४	५००
१२	ट्रेजरी बिल	१८२ दिने	बोलकबोलबाट निर्धारण हुने	१/१३/२०८४	१/१४/२०८४	५००
१३	ट्रेजरी बिल	३६४ दिने	बोलकबोलबाट निर्धारण हुने	१/२०/२०८४	१/२१/२०८४	५००
१४	ट्रेजरी बिल	९१ दिने	बोलकबोलबाट निर्धारण हुने	१/२७/२०८४	१/२८/२०८४	५००
१५	ट्रेजरी बिल	३६४ दिने	बोलकबोलबाट निर्धारण हुने	२/३/२०८४	२/४/२०८४	४००
१६	ट्रेजरी बिल	९१ दिने	बोलकबोलबाट निर्धारण हुने	२/१०/२०८४	२/११/२०८४	५००
१७	ट्रेजरी बिल	१८२ दिने	बोलकबोलबाट निर्धारण हुने	२/१७/२०८४	२/१८/२०८४	५००
१८	ट्रेजरी बिल	९१ दिने	बोलकबोलबाट निर्धारण हुने	३/७/२०८४	३/८/२०८४	५००
१९	ट्रेजरी बिल	१८२ दिने	बोलकबोलबाट निर्धारण हुने	३/१४/२०८४	३/१५/२०८४	५००
२०	ट्रेजरी बिल	३६४ दिने	बोलकबोलबाट निर्धारण हुने	३/२१/२०८४	३/२२/२०८४	५००
२१	ट्रेजरी बिल	२८ दिने	बोलकबोलबाट निर्धारण हुने	३/२८/२०८४	३/२९/२०८४	५००
जम्मा रकम						५४००
ख	विकास ऋणपत्र					
क्र.सं.	उपकरण	भुक्तानी अवधि	ब्याज दर	बोलकबोल मिति	निष्कासन मिति	रकम
२७	विकास ऋणपत्र	७ वर्षे	बोलकबोलबाट निर्धारण हुने	१/८/२०८४	१/९/२०८४	१०००
२८	विकास ऋणपत्र	८ वर्षे	बोलकबोलबाट निर्धारण हुने	२/५/२०८४	२/६/२०८४	१०००
२९	विकास ऋणपत्र	९ वर्षे	बोलकबोलबाट निर्धारण हुने	२/१२/२०८४	२/१३/२०८४	१०००
३०	विकास ऋणपत्र	११वर्षे	बोलकबोलबाट निर्धारण हुने	२/२६/२०८४	२/२७/२०८४	१०००
जम्मा रकम						४०००

ग	नागरिक बचतपत्र					
क्र.सं.	**उपकरण**	**भुक्तानी अवधि**	**ब्याज दर**	**बिक्री खुला/बन्द मिति**	**निष्कासन मिति**	**रकम**
२	नागरिक बचतपत्र	५ वर्षे	पछि निर्धारण गरिने	१२/२५/२०८३ देखि २०८४/०१/२५	१/२७/२०८४	२५०
जम्मा रकम						**२५०**
घ	**वैदेशिक रोजगार बचतपत्र**					
क्र.सं.	**उपकरण**	**भुक्तानी अवधि**	**ब्याज दर**	**बिक्री खुला/बन्द मिति**	**निष्कासन मिति**	**रकम**
२	**वैदेशिक रोजगार बचतपत्र**	५ वर्षे	पछि निर्धारण गरिने	२०८३/१२/२५ देखि २०८४/०१/२५	१/२५/२०८४	**५०**
जम्मा रकम						**५०**
जम्मा रकम						**९७००**
कुल वार्षिक ऋण परिचालन जम्मा						४१०००